का.जि.प्र.का.द.नं. १००/०५९/६०

८ असार २०७९,
बुधबार
22 June 2022,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक १३७ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

■ बजेट निर्माण

# प्रक्रिया पूरा गर्न लम्बेतान छलफल



जेठ १५ गते बजेट ल्याउनुपर्ने संवैधानिक व्यवस्था छ । त्यसभन्दा १५ दिन अगावै प्रि-बजेट छलफल गरिसक्नुपर्ने नियम छ । बजेट पेश भएपछि मन्त्रालयगत छलफल गर्ने र पारित गर्ने अभ्यासले दुबै सदनमा गरेर डेढ महिना समय लिन्छ । तर, बजेटमा कमा र फुलिस्टप पनि परिवर्तन हुँदैन ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ७ असार ।

राष्ट्रिय सभामा बजेटको मन्त्रालयगत शीर्षक माथि छलफल जारी छ । सरकारले जेठ १५ गते संघीय संसदको संयुक्त बैठकमा प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट प्रतिनिधिसभाले पारित गरिसकेको छ ।

प्रतिनिधिसभाबाट पारित भएर गएको बजेटको शीर्षकमाथिको छलफलमा भाग लिँदै सांसदहरुले बजेटमाथि भन्दा बढ्ता छलफलको औचित्यमाथि प्रश्न उठाइरहेका छन् ।

राष्ट्रिय सभामा बोल्दै राष्ट्रिय सभा सदस्य देवेन्द्र दाहालले सरकारले देश विकासका लागि नभई घोषणाका लागि मात्रै बजेट ल्याएको आरोप लगाए । अर्कोतर्फ कमा र फुलिस्टप पनि परिवर्तन नहुने भएकाले छलफलको आवश्यकता के छ भनी प्रश्न उठाए । राष्ट्रिय सभाका अर्का सदस्य प्रकाश पन्थ सांसदहरुका सकारात्मक सुझावहरु समेट्ने अभ्यासको आवश्यकता औंल्याउँछन् ।

उनी भन्छन्, 'राम्रा कुरा आउँछन भने सम्बोधन गर्नुपर्छ । बजेटमा केही हेरफेर गर्नै हुँदैन, हेरफेर हुँदा सरकार बहुमतमा छैन भन्ने मान्नु हुँदैन । बजेट हेरफेर र सरकार बनाउने कुरा नितान्त फरक हुन् ।'

– बाँकी पृष्ठ २ मा

सांसदहरुको आक्रोश

## नेता बोक्ने हेलिकोप्टरले किताब बोक्दैन !

असारको पहिलो साता बितिसक्दा समेत विद्यार्थीले पुस्तक नपाएकोमा सांसदहरुको चर्को आलोचना पोखेका छन् । सांसदहरुको प्रश्न छ- नेता बोक्ने हेलिकोप्टर किताब बोक्न किन सक्दैन ?

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ७ असार ।

समयमै पुस्तक विद्यार्थीले नपाएपछि सांसदहरुले चर्को आक्रोश व्यक्त गरेका छन् । नेता र घोषणापत्र हेलिकोप्टरमा दुर्गम पुग्न सक्ने, तर असारलाग्दा समेत विद्यार्थीले भने पुस्तक नपाउने भन्दै उनीहरुहले आक्रोश व्यक्त गरेका हुन् ।

नेकपा एकीकृत समाजवादीका सांसद जीवनराम श्रेष्ठले नेताहरू दुर्गममा हेलिकप्टर चढेर पुग्न सक्छन् भने पुस्तक किन पुग्दैन भन्दै आक्रोश व्यक्त गरेका छन् । 'ठूला नेता हेलिकप्टरमा दुर्गम क्षेत्र पुग्न सक्छन् । पुस्तकलाई किन पुऱ्याउन सकिदैन ? यो वा त्यो नाममा एक्स्युज माग्न हुँदैन, यसमा सम्झौता गर्न मिल्दैन,' श्रेष्ठले भने, 'कि त प्रष्टसँग हाम्रो क्षमता छैन भन्नपऱ्यो । जनशक्ति, साधन स्रोतको अभाव हो कि, नेतृत्वको गैरजिम्मेवारी हो थाहा सबैले थाहा पाउनुपऱ्यो ।' उनले तत्काल सरकारले पुस्तक पठाउन पहल गर्नुपर्ने बताएका छन् ।

त्यसैगरी नेकपा एमालेका सांसद योगेश भट्टराईले जनक शिक्षा सामग्री केन्द्रको संस्थागत

– बाँकी पृष्ठ २ मा



गएको चैत पहिलो साता चुनावी कार्यक्रममा हेलिकोप्टर चढेर कर्णाली भ्रमणमा निस्किएका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली दैलेखमा । तस्वीरः केपी ओलीको सचिवालय

वर्षातको समयमा हुने पानीजन्य रोगप्रति सजग रहौं

फोहोर पानीले झाडापखला, हैजा, टाइफाइड, आउँ, जण्डिस जस्ता रोगहरू लाग्न सक्छन् ।

त्यसैले :

- खोला, धारा वा मुलको पानी सिधै नपिऔं ।
- पानी उमालेर वा शुद्धीकरण गरेर मात्र पिऔं ।
- पानीलाई पीयुष, अक्वाट्याब्स वा अन्य क्लोरिन जन्य कुराहरू हालेर शुद्धीकरण गरौं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मलको हाहाकार

## सत्तारुढकै सांसदहरू रुष्ट

मुलुकमा मलको हाहाकार हुँदा समेत सम्बोधन गर्न नसकेको भनी सरकारसँग सत्तारुढ दलकै सांसदहरु रुष्ट हुन थालेका छन् । संसदमा बोल्दै सांसदहरु सरकारको चर्को आलोचना गरिरहेका छन् ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ७ असार ।

मुलुकमा रासायनिक मलको हाहाकार छ । मलको हाहाकारलाई सम्बोधन गरेर सहज बनाउन नसकेकोमा सरकारसँग सत्तारुढ दलकै सांसदहरु रुष्ट हुन थालेका छन् । मंगलबार प्रतिनिधिसभाको बैठकमा बोल्खदै सत्तारुढ दलका सांसदहरुले नै सरकारको चर्को आलोचना गरे ।

सत्तारुढ नेपाली कांग्रेसका सांसद सञ्जयकुमार गौतम, नेकपा (माओवादी केन्द्र)की सांसद धर्मशिला चापागाईं र नेकपा (एकीकृत समाजवादी) की सांसद पार्वतीकुमारी बिसुन्केले जनतालाई अझै मलको व्यवस्था गर्न नसकेको, आगामी आर्थिक वर्षको बजेटमा आफ्ना निर्वाचन क्षेत्रका लागि कुनै पनि बजेट विनियोजन नगरेको, महंगीले जनता मारमा पर्दा पनि राहत दिने तयारी समेत नगरेको भन्दै सरकारको चर्को आलोचना गरेका हुन् ।

कांग्रेस सांसद गौतमले असार १५ बित्न लाग्दा समेत मलको अझै व्यवस्था गर्न नसकेको उल्लेख गर्दै सरकारप्रति आक्रोश व्यक्त गरे । उनले महंगीको मारमा परेका जनतामा निराशा छाउन थालेको उल्लेख गर्दै त्यसतर्फ सचेत रहन पनि सरकारको गम्भीर ध्यानाकर्षण गराए ।

आफ्नो निर्वाचन क्षेत्रमा आगामी आर्थिक वर्षका लागि एउटा पनि बजेट नपारेको भन्दै नेकपा (माओवादी केन्द्र)की सांसद धर्मशिला चापागाई आपत्ति जनाए । गत माघ महिनादेखि जनताका सरोकारका योजनाहरुमा बजेट हाल्नका लागि अर्थमन्त्री जनार्दन शर्मासँगै कुरा गरेको उल्लेख गर्दै उनले त्यहाँ किन बजेट नपारेको हो, जनतालाई तत्काल जवाफ दिन सरकारसँग माग गरे ।

अर्का सत्तारुढ दल नेकपा एकीकृत समाजवादीकी सांसद पार्वतीकुमारी बिसुन्केले माथिल्लो कर्णाली जलविद्युत आयोजनाको नामै लिन सरकारले नचाहेको भन्दै असन्तुष्टि व्यक्त गरे । उनले सो जलविद्युत आयोजना नेपाली लगानीमै सम्पन्न गर्ने गरी अघि बढाउन पनि सरकारलाई दवाव दिए ।

सांसद बिसुन्केले नेपालको जलविद्युत निर्यात गरेर राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान पुऱ्याउन सक्ने सो आयोजनाको काम अघि बढाउन किन बिलम्ब गर्नु परेको भनि सरकारसँग प्रश्न समेत गरे ।

## लामो समयपछि मलेसियाको रोजगारी लयमा फर्कियो

### जेठमा ६२ हजार बढीले वैदेशिक रोजगारको श्रम स्वीकृति पाए

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ असार

लामो समयपछि मलेसियाको वैदेशिक रोजगारी आफ्नो पुरानो लयमा फर्किएको छ । जेठ महिनामा संस्थागत अर्थात म्यानपावर कम्पनीबाट वैदेशिक रोजगारीमा जान अन्तिम श्रम स्वीकृति लिएका २९ हजार ३ सय ८२ जनामध्ये ७ हजार १ सय ४१ जनाले मलेसिया जान श्रम स्वीकृति लिएका छन् ।

लामो समयपछि वैदेशिक रोजगारीका लागि मलेसिया जाने कामदारको संख्या ह्वात्तै बढेको हो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा जाने कामदारहरुलाई आर्थिक भार पार्ने काम गरिरहेको भन्दै जिएसजी, माइग्राम, बायोमेट्रिक, ओएससीलगायतका संस्थाहरु खारेज गरेपछि २०७५ जेठ १४ गते पूर्व श्रम स्वीकृति बन्द गरेको थियो । त्यसयता मलेसियाको रोजगारी प्रभावित भएको थियो ।

केही दिनअघि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्ण कुमार श्रेष्ठ (किसान)ले मलेसियाको रोजगारी रोकिँदा रेमिट्यान्स आप्रवाहमा समस्या उत्पन्न भएको बताएका थिए । हाल मलेसियामा कामदारको न्युनतम तलब पनि बढेको छ ।

जेठ महिनामा रिइन्ट्री र वैधानिकीकरणका प्रक्रिया पूरा गरेर पुनः वैदेशिक रोजगारीमा जान ६२ हजारभन्दा बढीले श्रम स्वीकृति लिएका छन् । वैदेशिक रोजगार विभागको मासिक प्रतवेदन अनुसार जेठ महिनामा संस्थागतरूपमा साउदी अरबमा ६ हजार २ सय ७७ जनाको श्रम स्वीकृति भएको छ । साउदी अरब पछि कतार जानेको श्रम स्वीकृति धेरै भएको छ । कतार जान ४ हजार ७ सय ७३ जनाले श्रम स्वीकृति लिएका छन् । यूएई जान ३ हजार ५ सय ८२ जनाले श्रम स्वीकृति लिएका छन् ।

जेठमा वैदेशिक रोजगारीका लागि कुवेत जान श्रम स्वीकृति लिनेको संख्या पनि उल्लेख्य मात्रामा बढेको छ । जेठमा कुवेत जान ४ हजार ९१ जनाको श्रम

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### जेठमा टप टेन म्यानपावर कुन-कुन ?

काठमाडौं/मस- जेठ महिनामा ५ सय ३६ कामदारको श्रम स्वीकृति निकालेको एसओएस म्यानपावर सर्भिसेज प्रा.लि. वैदेशिक रोजगारमा धेरै कामदार पठाउने म्यानपावर कम्पनीको सूचीको शीर्ष स्थानमा रहेको छ । यस्तै ४ सय ७० जनाको अन्तिम श्रम स्वीकृति निकालेर प्याराडाइज इन्टरनेशनल प्रा.लि. सूचीको दोस्रो, ४ सय १९ जनाको श्रम स्वीकृति निकालेको मोन्टेज ओभरसिज प्रा.लि. तेस्रो, ३ सय २९ जनाको श्रम स्वीकृति निकालेको देवान कन्सल्ट्यान्ट प्रा.लि. चौथो र २ सय ९९ जनाको श्रम स्वीकृति निकालेको लाइफ इन्टरनेशनल ओभरसिज प्रा.लि. पाँचौं स्थानमा रहेका छन् ।

– बाँकी पृष्ठ २ मा

## 'इन्धनको मूल्यवृद्धि बाध्यता'

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ असार ।

सरकारले पेट्रोलियम पर्दाथको मुल्य वृद्धि नेपालको काबु बाहिर रहेको जवाफ दिएको छ ।

प्रतिनिधिसभामा सांसदहरुले पेट्रोलियम पर्दाथको मुल्य वृद्धिबारे सोधेका प्रश्नहरुको जवाफ दिँदै उद्योग, वाणिज्य तथा आपुर्ती मन्त्री दिलेन्द्र प्रसाद बडूले यस्तो बताएका हुन् ।

'मुल्य वृद्धि हाम्रो काबु भन्दा बाहिरको अवस्थामा छ' उनले थपे, 'रुस-युक्रेनको युद्ध भयो ।यसले पछिल्लो समय मुल्य निरन्तर बढेर आइरहेको छ ।'

अर्न्तराष्ट्रिय बजारमा मुल्य वृद्धि भएको र नेपालमा बढाउनुपरेको बाध्यता रहेको उल्लेख गर्दै उनले भने, 'मुल्य बढेर आउँदा हामीले आफ्नो लागि के गर्न सक्छौं ? भन्ने विषयमा सरकार सोच्दछ । तर, अहिले बढेर आउँदा बढाउनु बाध्यात्मक अवस्था हो ।'

– बाँकी पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
८ असार २०७९, बुधबार
22 June 2022, Wednesday
www.madhyanhadaily.com

# राजनीतिक यात्रामा रवि लामिछाने



**काठमाडौं/मस–** सञ्चारकर्मी रवि लामिछानेले नयाँ पार्टीको घोषणा गर्दै पत्रकारिताबाट राजनीतिमा प्रवेश गरेका छन् । लामिछानेले मंगलबार राजधानीमा आयोजित कार्यक्रममार्फत 'राष्ट्रिय स्वतन्त्र पार्टी' गठनको घोषणा गरेका हुन् । लामिछानेले मंगलबार राजनीति यात्राको पहिलो पाइला भएको जिकिर गरेका छन् । आफ्नो पार्टी पुराना पार्टीभन्दा फरक रहेको दाबी समेत गरेका छन् । लामिछानेले आफू कुनै दलमा प्रवेश नगर्ने बताए। पुराना पार्टीसँग मिल्नु भनेको आफू सकिनु भएको उनले स्पष्ट पारे ।

पूर्वसञ्चारकर्मी रवि लामिछानेले ठूला दल र तिका नेतहरूलाई सच्चिनका लागि पटक-पटक आग्रह गरेपनि उनीहरू नसिच्चएका कारण आफू राजनीतिमा आउन बाध्य भएको बताए। नेपाली जनताले ठूला-ठूला सपना नदेखेको भन्दै उनले जनताको सामान्य काम गरी गरिखान पाए सन्तुष्ट हुने उनले बताए ।

रविले आफ्नो पार्टीमा सात विशेषता रहने बताएका छन् । उनले आफ्नो पार्टीमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीदेखि भ्रातृसंगठन र कार्यकर्तारहित रहने जनाएका छन् । उनले आफूहरूले कहिल्यै चन्दा नलिने घोषणा पनि गरे । स्वयंसेवीबाट आर्थिक सहायता जुटाउने उनको भनाइ थियो । प्राइमेरी निर्वाचन, युवालाई प्राथमिकता, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र मुख्यमन्त्रीको व्यवस्था, राइट टु रिकल र राइट टु रिजेक्टको व्यवस्था, डिजिटल डेमोक्रेसीको व्यवस्था, परिवारवादलाई पूर्ण रूपमा निषेध र भ्रातृसंगठन र कार्यकर्तारहित पार्टी बन्ने रविले बताएका छन् ।

# सरकार प्रेस स्वतन्त्रताको पक्षमा छ : सञ्चारमन्त्री

**गण्डकी/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सरकार प्रेस स्वतन्त्रताको पक्षमा रहेको बताएका छन् ।

नेपाल पत्रकार महासंघ कास्कीद्वारा सञ्चालित प्रजातन्त्र सेनानी दयाशंकर पालिखे स्मृति पत्रकारिता सम्मान-२०७८ वितरण समारोहमा उनले भने, 'संविधानले परिकल्पना गरेको अभिव्यक्ति स्वतन्त्रता र व्यक्तिगत स्वतन्त्रतालाई सरकार अक्षुण्ण राख्न चाहन्छ, अझ समृद्ध गर्न चाहन्छ ।' कुनै पनि पत्रकारले विचार व्यक्त गरेको आधारमा यो सरकारले दण्डित नगरेको र नगर्ने उनले विश्वास व्यक्त गरे । दक्षिण एसियामा नै स्वतन्त्र प्रेसको नमूना देशका रूपमा नेपाललाई विकास गर्नका लागि सरकार कानुनी, संरचनागत व्यवस्था गर्न सधैँ तयार रहेको मन्त्री कार्कीले बताए ।

महंगी केवल सरकारको हातमा मात्र नरहेको र हाल पेट्रोलको मूल्य वृद्धि भएको बताउँदै उनले पेट्रोललाई विस्थापित गर्न भइरहेको ऊर्जाको विकासलाई व्यवस्थित गरिने उल्लेख गरे । मन्त्री कार्कीले देशमा उत्पादित ऊर्जा खेर नजाने गरी यसको खपत बढाउनेतर्फ ध्यान दिइने बताए ।

शासन पद्धतिमा परिवर्तनसँगै जनताको जीवनस्तरमा पनि परिवर्तन आउनु जरुरी हुने बताउँदै उनले आगामी दिनमा नेपालीलाई सम्पन्न बनाउनेतर्फ राज्यको जोड रहने स्पष्ट गरे। आगामी पुस्तालाई समृद्धपुस्ता बनाउने गरी लाग्नुपर्ने बताउँदै मन्त्री कार्कीले पूँजी निर्माणका लागि लगानीमैत्री वातावरण बनाउनुपर्ने आवश्यकता औंल्याए ।

निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिँदै उनले अपार जलस्रोतको उपयोग गर्न सके मात्रै पनि त्यसले यहाँको समृद्धिमा महत्वपूर्ण योगदान पुग्ने बताए ।



अन्य राष्ट्रबीच पनि सुसम्बन्ध कायम गर्दै अघि बढ्नुको विकल्प नभएको बताउँदै साञ्चारमन्त्री कार्कीले नेपाल पञ्चशीलको सिद्धान्तलाई आत्मसात् गर्दै अन्य राष्ट्रसँग सम्बन्ध विस्तार गर्दै अघि बढ्ने धारणा राखे ।

अमेरिकन स्टेट पार्टनरशिप प्रोग्रामलाई अघि नबढाउने सरकारले निर्णय गरिसकेको उनले जानकारी दिए । एक्लै हिँडेर कहीँ पुग्न नसकिने र सबैको सहयोगमा अघि बढेमा यो मुलुकको भविष्य सुन्दर रहेको उल्लेख गर्दै मन्त्री कार्कीले भाषणमा मात्र नभई व्यवहारमा आउने निर्वाचनबाट लोकतान्त्रिक स्थिरता दिन सकेको अवस्थामा १० वर्षमा नेपाल दक्षिण एसियाको धनी मुलुक बन्ने दाबी गरे ।

सो अवसरमा दयाशंकर पालिखे स्मृति पत्रकारिता सम्मान-२०७८ बाट मन्त्री कार्कीले पत्रकार बबिता बस्नेतलाई सम्मानपत्रसहित रु एक लाख एक हजार १११ ले सम्मान प्रदान गर्नुभयो। नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीले पत्रकारिताका माध्यमबाट सचेतना, महिला जागरण आदिमा महत्वपूर्ण योगदान गरेका कारण बबिता बस्नेतलाई सम्मान गरिएको बताए। प्रतिभा छनोट समितिका संयोजक एवम् नेपाल पत्रकार महासङ्घ कास्कीका पूर्वअध्यक्ष रवीन्द्र बास्तोलाले समाजको रुपान्तरणका साथै प्रजातन्त्रको स्थापनामा महत्वपूर्ण योगदान गरेका दयाशंकर पालिखेको स्मृतिमा स्थापित पुरस्कार तथा सम्मान आफैँमा महत्वपूर्ण रहेको बताए । पत्रकारितामा निर्भिक रुपमा कलम चलाउने बबिता बस्नेतको सक्रियता, योगदान आदिका आधारमा उहाँलाई सम्मान गर्ने निर्णय गरिएको उनले बताए ।

कार्यक्रममा सम्मानित व्यक्तित्व बबिता बस्नेत, पुरस्कार संस्थापक परिवारका तर्फबाट विश्वशंकर पालिखे, नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बराल, नेकपा (माओवादी केन्द्र)का जिल्ला अध्यक्ष राजकाजी गुरुङ, नेकपा (एमाले)का जिल्ला अध्यक्ष मनबहादुर गुरुङ, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य त्रिभुवन पौडेल लगायतले पत्रकारिताबारे आ-आफ्ना विचार प्रस्तुत गरेका थिए ।

# सिकलसेलका गर्भवतीमा मृत्युको जोखिम उच्च

**नेपालगञ्ज/मस–** सिकलसेल एनिमिया भएका गर्भवतीको मृत्यु हुने जोखिम उच्च देखिएको छ। सिकलसेल एनिमिया भएका गर्भवतीमा गरिएको अध्ययनले उनीहरुको ज्यान जाने जोखिम उच्च रहेको देखाएको हो । भेरी अस्पतालका वरिष्ठ कन्सल्टेन्ट फिजिसियन तथा सिकलसेल एनिमिया विज्ञ डा.राजन पाण्डेले अन्य गर्भवतीको भन्दा सिकलसेल एनिमिया भएका गर्भवतीको मृत्युदर २२ भन्दा बढी रहेको जानकारी दिए । उनले प्रायजसो पश्चिम नेपालका थारु समुदायमा देखिएको सिकलसेलले थारु समुदायलाई आक्रान्त पारेको बताए ।

देशभरका चार हजार थारुलाई सिकलसेल एनिमियाको समस्या देखिएको जानकारी दिँदै उपचार तथा परामर्शका लागि भेरी अस्पताल आउने थारु समुदायको संख्या धेरै भएको उनले बताए । भेरी अस्पतालमा मात्र ८९४ बिरामी नियमितरूपमा जाँच तथा परामर्शका लागि आउने गरेको बताइएको छ । बाँकेको कोहलपुर नगरपालिका, राप्ती सोनारी र बैजनाथ गाउँपालिकामा सिकलसेल एनिमियाका बिरामीको संख्या धेरै भएको उनले उल्लेख गरे। राप्ती सोनारी गाउँपालिका-४ मा ३७३ को सिकलसेल परीक्षण गर्दा १७ प्रतिशत अर्थात् ६३ मा सिकलसेल पुष्टि भएको उनले बताए ।

उनले सिकलसेल रोगको निदान गर्न सचेतना, परामर्श तथा बच्चा जन्मिने वित्तिकै परीक्षण गर्नुपर्ने औंल्याए । 'नवजात शिशुलाई दादुरा खोपसँगै सिकलसेल एनिमिया रोगको पनि परीक्षण अनिवार्य गरिनुपर्छ', डा पाण्डेले भने ।

## प्रक्रिया पूरा...

राष्ट्रिय सभाका अर्का सदस्य डा. विमला राई पौड्यालले बजेट कार्यान्वयनमा चुनौति रहेको बताउँछिन् । सरकारले ल्याएको आगामी आर्थिक वर्षको बजेटलाई कार्यान्वयन गर्नुनपर्ने चुनावी प्रचारको संज्ञा दिन्छन् । १२ खर्ब, ४० अर्ब राजश्व उठाउने कुरा हास्यास्पद रहेको भन्दै उनी सच्याउन आग्रह गर्छिन । 'आयातमा टिकेको राजश्व आयात घटाउने भए कसरी उठ्छ ?' उनको प्रश्न छ। सदस्य पौड्यालले सरकारले वृद्धभत्ताको उमेर हद २ वर्ष घटाएर ६८ पु-याएकोमा आपत्ति जनाइन् ।

तर, सांसदहरुले जे जस्ता सुझाव दिएपनि कमा र फुलिस्टप पनि परिवर्तन हुँदैन । तर, प्रकिया पुऱ्याउने कर्मकाण्डी छलफलका लागि संसदले साढे दुई महिना भन्दा बढी समय खर्चिन्छ। जेठ १५ गते बजेट ल्याउनुपर्ने संवैधानिक व्यवस्था छ । त्यसभन्दा १५ दिन अगावै प्रिबजेट छलफल गरिसक्नुपर्ने नियम छ । बजेट पेश भएपछि मन्त्रालयगत छलफल गर्ने र पारित गर्ने अभ्यासले दुबै सदनमा गरेर डेढ महिना समय लिन्छ । तर, बजेटमा कमा र फुलिस्टप पनि परिवर्तन हुँदैन ।

परिवर्तन नभएपनि सुझावका रुपमा ग्रहण गर्नका लागि भएपनि बजेटमाथि छलफल गर्नुपर्ने संवैधानिक बाध्यता, संसदीय व्यवस्थाको मान्यता र कानुनी व्यवस्था रहेको संसद सचिवालयकै अधिकारीहरु बताउँछन् ।

संसद सचिवालयका अनुसार बजेट (विनियोजन विधेयक) असार २ गते प्रतिनिधिसभाबाट पारित भएको थियो । पारित भएको बजेटको शीर्षकगत छलफल राष्ट्रिय सभामा चलिरहेको छ ।

असार ६ गते प्रतिनिधिसभाले बजेट आश्रित तीन वटै विधेयक पारित गरेको छ ।

प्रतिनिधिसभाको बैठकले बजेटसँग जोडिएर आएका आर्थिक विधेयक २०७९, राष्ट्र ऋण उठाउने विधेयक, २०७९ र ऋण तथा जमानत (२५ औं संशोधन) विधेयक, २०७९ बहुमतले पारित गरेको हो। बजेटको कार्यान्वनयका लागि यी तिन वटै विधेयक पनि पारित गर्नुपर्ने कानुनी व्यवस्था छ।

यी चार वटै विधेयक राष्ट्रिय सभाले पनि पारित गरेपछि पुनः प्रतिनिधिसभामा आएर सभामुख हुँदै राष्ट्रपतिकहाँ पुग्छ। राष्ट्रपतिले प्रमाणिकरण गरेपछि बजेट कार्यान्वयनको बाटो खुल्छ । यी विधेयकहरु आगामी साउन १ गतेदेखि लागू हुने भएकाले त्यस अगावै राष्ट्रपतिबाट प्रमाणिकरण भइसक्नुपर्ने हुन्छ । राष्ट्रपतिबाट बजेट र बजेट आश्रित विधेयकहरु प्रमाणिकरण भएपछि मात्रै बजेट खर्च गर्ने बाटो खुल्ने संवैधानिक व्यवस्था छ ।

दुबै सदनमा छलफल हुनुपर्ने, दुबै सदनले पारित गर्नुपर्ने प्रक्रिया पुरा गर्नका लागि संसदले लामो समय मात्रै खर्च गर्दैन। सांसदहरुले लम्बेतान बहस गर्छन । तर, फेरि पनि बहसमा उठे अनुसार बजेटमा केही पनि परिवर्तन हुँदैन ।

लोकतान्त्रिक समाजवादी पार्टीका सांसद अनिल झा बजेट निर्माणका क्रममा सांसदहरूको कुनै भूमिका नरहेको भन्दै असन्तुष्टि जनाउँछन् । बजेट निर्माण पकियामा छलफलमा भाग लिने तर, दिएको सुझाव कार्यान्वयन नहुने व्यवस्थाले सांसद पदको अपमान गरिएको उनको अनुभव छ । बजेट निर्माणमा सांसदहरूको पनि सक्रिय भूमिका बनाउन संसद् र सरकारले ध्यान दिनुपर्ने उनको सुझाव छ ।

सांसदहरूले भनेका योजना र नीति बजेटमा नराखिएको झाको असन्तुष्टि छ । 'जनताबाट प्रत्यक्ष निर्वाचित हुने सबभन्दा ठूलो जिम्मेवारीको पद मानिन्छ, सांसदहरूको यो बजेट निर्माणमा के भूमिका छ ? कुनै भूमिका छैन,' उनले भने, 'सांसदहरूले के यो बजेटको किताबमाथि मेरो पनि यसमा संलग्नता छ, मैले भनेका चिजहरू पनि यसमा संलग्न छन् भन्ने कुनै ठाउँ छ ? त्यसैले सम्पूर्ण सांसदहरूको, सिंगो संसद्को यसमाथि स्वामित्व रहनुपर्छ ।'

उनी थप्छन्, 'म बडो लज्जासाथ भन्न चाहन्छु कतिपय मामिलामा आजका हामी सांसदहरूभन्दा वडाध्यक्षहरूलाई आम जनताले बढी क्रियाशील रहेको देख्छ। यो ग्राउन्ड रियालिटी हो । यो कुरालाई यो संसद्ले यो सरकारले नोट गर्नुपर्दछ ।'

सांसदहरु पनि नीतिगत मुद्दामा भन्दा मेरो निर्वाचन क्षेत्रमा बजेट खै भन्छन् ।

मंगलबार प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसद धर्मशीला चापागाईंले सरकारले निरन्तरता पाइरहेको योजना पनि बजेटबाट हटाएकोप्रति अर्थमन्त्रीको ध्यानाकर्षण गरिन् ।

द्वन्द्वपीडित बच्चा पढाइरहेको बच्चाका लागि भएको बजेटसमेत कटाएको उल्लेख गर्दै उनले भनिन्, 'वर्षौंदेखि निरन्तरता पाएको योजनाको बजेट पनि कटाइएको छ, द्वन्द्वपीडितको बच्चा पढाउने बजेटसम्म विनियोजन भएन, त्यो बच्चा पढाउनु राज्यको दायित्व हो कि होइन, मलाई जवाफ चाहिन्छ।'

उनले बजेट निर्माण गर्दा संविधानले दिएको अधिकार प्रयोग गरेर आफूले बजेटका लागि योजनाहरु प्रस्तुत गरेको र त्यसका लागि विभागीय मन्त्रालयदेखि राष्ट्रिय योजना आयोग र अर्थमन्त्रीलाई पनि भेटी कुरा राखेको तर एउटामा बजेट विनियोजन नभएको संसद्समक्ष जानकारी गराएको उल्लेख गरिन् ।

## नेता बोक्ने...

पुनर्संरचना आवश्यक रहेको बताए । 'जनक शिक्षा सामग्री केन्द्रको अयोग्यताको कारण आज विद्यार्थीहरूले समयमै पुस्तक नपाएका हुन् । यो लाचारी हो,' उनले भने, 'संघीय शिक्षा ऐनको अभावमा धेरै समस्या छन् । यो ऐन तुरून्त ल्याउनु पर्छ । संघीय शिक्षा ऐन तत्काल ल्याउन समितिले निर्देशन दिनुपर्छ ।' नेकपा माओवादी केन्द्रकी सांसद अञ्जना विशंखेले दार्चुला, कैलाली, रौतहट, बारा, ललितपुर समेत पुस्तक नपुगेको भन्दै आक्रोश व्यक्त गरेकी छिन् । 'व्यवस्थापनमा हामी किन यति कमजोर छौं । यसको दोषी को हो ?,' 'एकले अर्कालाई दोष दिएर उम्किन खोजिँदैछ' उनले प्रश्न गरिन् ।

एमालेकी सांसद सरिता न्यौपानेले कुनै नगरपालिका, गाउँपालिकाले चाहँदा पनि शिक्षामा सुधार हुन नसकेको भन्दै दुख व्यक्त गरेकी छिन् । 'ऐन नआउँदासम्म शिक्षकको समस्या पनि समाधान हुँदैन। विभिन्न बहानामा शिक्षक भर्ना रोकिन्छ,' उनले भनिन्, 'किन दुःख गरेर भए पनि अभिभावकले निजी विद्यालय पढाउँछन?, हामीले यसमा किन ध्यान दिएनौं ?'

विद्यालय पाठ्यपुस्तक तथा पाठ्यसामग्री मुद्रण तथा वितरण निर्देशिका-२०६७ ले हरेक वर्षको कात्तिक महिनाभित्रै कुल छापिनुपर्ने पाठ्यपुस्तक संख्याको ५० प्रतिशत र बाँकी ५० प्रतिशत माघ मसान्तभित्र मुद्रण गरी सम्बन्धित क्षेत्रीय कार्यालयमा पुर्याई सक्नुपर्ने व्यवस्था गरेको छ। तर, असारमा पनि पाठ्यपुस्तक पुग्न सकेको छैन ।

शैक्षिक सत्र सुरू भएको एक महिना बितिसक्दा पनि अधिकांश जिल्लामा पाठ्यपुस्तक पुग्न सकेको छैन । हिमाली जिल्लाहरुमा त विद्यार्थीहरुले नयाँ किताब कस्तो हुन्छ भनेर देख्नै समेत पाएका छैनन् । तर, जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले ७७ वटै जिल्लामा कक्षा ४ देखि कक्षा १० सम्मका किताब छापेर स्थानीय बिक्रेतामार्फत् बिक्री वितरण भइरहेको जनाएको छ ।

विद्यालयको पाठ्यपुस्तक पाठ्य सामग्री मुद्रण तथा वितरण निर्देशिका-२०६७ ले भर्ना भएका विद्यार्थीलाई नयाँ शैक्षिक सत्र शुरु भएको १५ दिनभित्र नयाँ पाठ्यपुस्तक उपलब्ध गराउनुपर्ने प्रावधान छ। २०२८ मा नयाँ शिक्षा योजना लागू भएदेखि जनक शिक्षा सामग्री केन्द्रले पाठ्यपुस्तक छाप्दै आएको छ। तर, हरेक वर्ष यसरी नै विद्यार्थीले पुस्तकको अभाव भोग्नु परेको छ ।

## 'इन्धनको मूल्यवृद्धि...

दिर्घकालिन विकल्पमा जानुपर्ने ठानेरै सरकारले यसका लागि अध्ययन गरिरहेको उनले बताए। निजी क्षेत्रलाई समेटेर जान सकिने विकल्पमा पनि अध्ययन भइरहेको उनले बताए । विद्युतको प्रयाृग बढाउने र पेट्रोलियम पर्दाथको प्रयोग घटाउने तिर पनि सरकारले ध्यान दिएको उनको भनाई छ । यसकै लागि सरकारी निकायको पेट्रोल खपत कम्तिमा २० प्रतिशत घटाउने नीति लिइएको मन्त्री बडुले बताए।

## लामो समयपछि...

स्वीकृति भएको छ। अघिल्लो महिनामा जस्तै रोमानिया जाने क्रम जेठमा पनि देखिएको छ । रोमानियाका लागि १ हजार ४ सय ८८ जनाले श्रम स्वीकृति लिएका छन् ।

जेठमा बेलायतका लागि १६, बहराइनका लागि ५ सय २४ जना, ब्रुनाईका लागि १ सय १६, साईप्रसका लागि ३ सय ३३, ओमानका लागि १ सय ८६ र जोर्डनका लागि ९९ जनाले संस्थागत अर्थात म्यानपावर कम्पनीमार्फत श्रम स्वीकृति लिएका छन्। यस्तै जेठ महिनामा अल्वानियाका लागि ४३, जापानका लागि १ सय ६८, माल्दिभ्सका लागि १२, मरिससका लागि ६ र सिसेल्सका लागि ५९ जनाले श्रम स्वीकृति लिएका छन् । पुनः श्रम स्वीकृति लिएर जानेमा यूएई, कतार र साउदी अरेबिया अग्रस्थानमा रहेका छन् ।

## जेठमा टप...

यस्तै २ सय ९५ जनाको श्रम स्वीकृति निकालेको भिजन एण्ड भ्यालु ओभरसिज प्रा.लि. छैठौं, २ सय ८८ जनाको श्रम स्वीकृति निकालेको नील कमल ह्युमन रिसोर्स प्रा.लि. सातौं, २ सय ८६ जनाको श्रम स्वीकृति निकालेको लिंक इन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्र.लि. आठौं, २ सय ८६ जनाकै श्रम स्वीकृति निकालेको अक्सफोर्ड इन्टरनेशनल प्रा.लि. नवौं र २ सय ७१ जनाको श्रम स्वीकृति निकालेको वाईड स्पेस इन्टरनेशनल प्रा.लि. सूचीको दशौं स्थानमा रहेका छन् ।

**Invitation for Bids**

**Myagang Rural Municipality**
**Office of Rural Municipal Executive**
**Deurali, Nuwakot**
**Bagmati Province, Nepal**

**Invitation for Electronic Bids for Supply, Delivery, Installation, Commissioning and Testing of broadband Services in the designated locations of Myagang Rural Municipality**

**IFB No: MRM/NCB/NTA/G/02/078-79**
**Date of Publication : 22th June, 2022**

1. Myagang Rural Municipality Office invites electronic bids from eligible bidders for the procurement of Supply, Delivery, Installation, Commissioning and Testing of broadband Services in the designated locations of Myagang Rural Municipality under National Competitive bidding procedures specification in Public Procurement Act and Regulation.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Myagang Rural Municipality, Deurali, E-mail: myagangrm@gmail.com, info@myagangmun.gov.np or may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   **Name of the Bank: Himalayan Bank Ltd., Myagon Branch, Nuwakot**
   **Name of the office: Myagang Rural Municipality**
   **Office account No.: For the purchase of book: Revenue account: Ga.41-05707637420048**
   **For the Bid Security: Security Deposit Account: Ga.3-057076374200326**
4. Pre-bid meeting shall not be held.
5. Interested bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Myagang Rural Municipality, Deurali on or before 12:00 Noon on 21th July, 2022.
6. Bids shall be opened in presence of bidders' representatives who choose to attend at 1:00 PM on 21th July, 2022 at the office of Myagang Rural Municipality, Deurali. Bids must be valid for a period of 90 (Ninety) days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 80,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at below mention date and time at the office of Myagang Rural Municipality, Deurali. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Dharauti Account No. 05707637420032 at Himalayan Bank Limited, Myagon Branch, Nuwakot and submit the receipt of the deposited amout of cash along with the bid.
8. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
9. The Empolyer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. The bidder shall quote for only one main offer. Alternate offer, if any, shall not be considered for evaluation.

| S. N. | Contract Identification No. | Descriptions of Works | Cost of bidding document Nrs. | Bid Security Amount Nrs. | Estimated Amount inclusive VAT Nrs. | Last date and time of bid submission | Bid opening date and time | Re-marks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | MRM/ NCB/NTA/ G/02/078-79 | Supply, Delivery, Installation, Commissioning and Testing of broadband Services in the designated locations of Myagang Rural Municipality | 3000 | 80000 | 3159834.99 | 21th July 2022 before 12:00 Noon | 21th July 2022 1:00 PM | |

# पाठ्यपुस्तक अभाव हुन नदिन निर्देशन



**काठमाडौं / मस-** प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिले संघीय शिक्षा ऐन चाँडो संसदमा ल्याउन र विद्यालय तहका पाठ्यपुस्तक अभाव हुन नदिन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई पुनः निर्देशन दिएको छ । समितिको मंगलबारको बैठकमा शिक्षामन्त्री देवेन्द्र पौडेल, मन्त्रालयका सचिव यादव कोइराला, जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रबन्ध सञ्चालक अनिल झालगायतसँग छलफल गरेपछि सभापति जयपुरी घर्तीले सो निर्देशन दिएका हुन् । शैक्षिकसत्र सुरु भइसकेको दुई महिना बितिसक्दा पनि विद्यालय तहका सबै पाठ्यपुस्तक उपलब्ध नभएको विषयमा समितिका सदस्यले सरकार र सम्बन्धित पदाधिकारीको गम्भीर ध्यानाकर्षण गराएका थिए ।

समितिले यसअघि जेठ ११ गतेको बैठकमा वैकल्पिक उपायबाट गरेर भए पनि समयमा पाठ्यपुस्तक उत्पादन र वितरण गर्न तथा सोबारे संघ, प्रदेश र स्थानीय तहका सरकारबीच समन्वय गरी आगामी शैक्षिक सत्रमा पाठ्यपुस्तक अभाव हुन नदिन निर्देशन र सुझाव दिएको थियो । हाल कक्षा १ देखि ३ सम्म निजी प्रेस र कक्षा ४ देखि १० सम्म जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले पाठ्यपुस्तक छपाइको जिम्मेवारी पाएका छन् ।

बैठकमा शिक्षामन्त्री पौडेलले सबै विद्यार्थीको हातमा निःशुल्क पाठ्यपुस्तक उपलब्ध होस् भनेर आफूले हरेक दिन जनक शिक्षा केन्द्रमा फलोअप गर्ने गरेको, जिल्ला र विभिन्न पक्षबाट पाठ्यपुस्तक उपलब्धताको स्थितिको विवरण लिएर अभाव भएको पाइएमा सम्बोधनका लागि सम्बन्धित निकायलाई तत्काल भन्ने गरेको अवगत गराएका थिए । उनले निजी क्षेत्रका मुद्रकले सबै कक्षाका पाठ्यपुस्तक छाप्न सक्ने जनाएर अनुमति मागेको भए पनि सरकारी स्वामित्वको जनक शिक्षालाई मेसिन थप गरेर काम दिनु उचित लागेकाले केन्द्रलाई नै मुख्य जिम्मेवारी दिइएको बताए ।

सांसद मानबहादुर विश्वकर्मा, योगेश भट्टराई, सरिता न्यौपाने, जीवनराम श्रेष्ठ, हितबहमादुर तामाङ, अञ्जना विसंखे, जगतबहादुर विश्वकर्माले बर्सेनि समयमा पाठ्यपुस्तक उपलब्ध नहुनु लाजमर्दो भएकाले भरपर्दो र वैकल्पिक एवं दीर्घकालीन समाधानका उपाय ल्याउन तथा जनक शिक्षाको प्रशासनिक र व्यवस्थापकीय सुधार गर्न आग्रह गरे । बैठकमा प्रबन्ध सञ्चालक झाले लक्ष्यभन्दा बढी पाठ्यपुस्तक माग भएको र समयमा छपाइ कागज उपलब्ध नहुँदा उत्पादन ढिलाइ भएको र अब लक्ष्यको पाँच प्रतिशत पुस्तक छाप्न बाँकी रहेको जानकारी दिए ।

मन्त्री पौडेलले नयाँ संविधानअनुसार सङ्घीय शिक्षा ऐन र अन्य चार शैक्षिक विधेयकका मस्यौदा तयार गरी अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलगायत निकायमा पठाउँदा समयमा राय तथा समर्थन प्राप्त नभएकाले ती विधेयक संसद्मा पेश गर्न नसकिएको उल्लेख गरे । विधेयक छिटो ल्याउन समिति, सञ्चारकर्मी र सबै पक्षले सहयोग गर्नुपर्ने मन्त्री पौडेलको भनाइ थियो ।

# १०० मेगावाट क्षमताको हाइड्रोजन प्लान्ट स्थापनाका लागि अध्ययन गर्न आग्रह



**काठमाडौं / मस-** संसारभर नै जैविक इन्धनको मात्रा क्रमशः कम हुन थालेको तथा विभिन्न विकल्पका बारेमा खोजी भइरहेको बेला हाइड्रोजन इन्धनको बारेमा चासो शुरु भएको छ । ऊर्जाका विभिन्न स्रोतको खोजी गर्ने क्रममा सबैभन्दा राम्रो मानिएको हाइड्रोजन इन्धनको प्रभावकारी प्रयोग गर्न सकिएको खण्डमा त्यसले रणनीतिक बदलावसमेत ल्याउन सक्नेछ । नेपालमा पनि काठमाडौं विश्वविद्यालय र नेपाल आयल निगमले हाइड्रोजन इन्धनका बारेमा अध्ययन गरिरहेको छ । निजी क्षेत्रबाट समेत यसमा चासो व्यक्त भएको छ ।

विशेष गरी अष्ट्रेलिया, क्यानडा, चिली, चेज रिपब्लिक, फ्रान्स, नर्वे, जर्मनी, हङ्गेरी, जापान, दक्षिण कोरिया, नेदरल्याण्ड, पोर्चुगल, रसिया, स्पेन, भारत र बेलायतले समेत त्यस प्रकारको ऊर्जाको विकल्पमा काम सुरु गरिसकेका छन् । युरोपेली सङ्घले नै यसमा विशेष नेतृत्व गरेको छ । आगामी दिनको ऊर्जाको भरपर्दो स्रोतका रुपमा हाइड्रोजन इनर्जीलाई लिइएको छ ।

तेल उत्पादक देश साउदी अरेबियाले चार गिगावाट बराबरको हाइड्रोजन प्लान्ट स्थापना गरिसकेको छ । त्यस्तै, ओमनमा २५ गिगावाट बराबरको सौर्य र वायु ऊर्जासहितको हाइड्रोजन प्लान्ट सन् २०२१ देखि नै सञ्चालनमा आइसकेको छ । संयुक्त अरब इमिरेट्ले सन् २०३० सम्म ३० गिगावाट बराबरको ग्रीन हाइड्रोजन प्लान्ट स्थापना गर्ने घोषणा गरिसकेको छ । छिमेकी देश भारतमै हाइड्रोजन मिशन शुरु गरिएको छ र १.३५ ट्रिलियन डलर बराबरको लगानी गर्ने घोषणा गरिसकेको अवस्था छ ।

इन्धनको चरम मूल्यवृद्धि भएको तथा त्यसले अर्थतन्त्रका समग्र क्षेत्रमा प्रभाव पारेपछि मानिसले विकल्पका रुपमा यसलाई अगाडि सारेका हुन् । नेपालमा पनि वर्षाको समयमा कूल जडित क्षमता बराबरको बिजुली उत्पादन हुने र हिउँद लागेपछि अवस्था सङ्कटग्रस्त हुन थालेपछि ग्रीन हाइड्रोजनको अवधारणामा काम गर्नुपर्ने अवस्था आएपछि काठमाडौं विश्वविद्यालयले नै यसमा चासो दिएर काम गरिरहेको छ । त्यसबाट रासायनिक मल, उद्योग तथा यातायात क्षेत्रमा पनि उल्लेख्य बदलाव ल्याउन सकिने जानकारको भनाइ छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसाललाई समेत यस क्षेत्रका काम गरिरहेको संस्थाले आफ्नो अवधारणाका बारेमा जानकारी गराइसकेको छ । त्रिपक्षीय साझेदारीका आधारमा धुलिखेलदेखि काठमाडौंसम्म हाइड्रोजन इन्धनबाट चल्ने बस सञ्चालनमा ल्याउने तयारी गरिएको छ ।

त्यसका लागि धुलिखेल नगरपालिका, काठमाडौं विश्वविद्यालय र रोटरी क्लब अफ धुलिखेलले सहमतिपत्रमा हस्ताक्षर गरिसकेका छन् । यस्तै, नेपाल विद्युत् प्राधिकरणसँग पनि सहमति भइसकेको छ । यसै सन्दर्भमा अर्थ मन्त्रालयमा आज हाइड्रोजन इन्धन उत्पादनको सम्भाव्यताबारे छलफल भएको थियो । अर्थमन्त्री जनादर्न शर्माको आग्रहमा काठमाडौं विश्वविद्यालयअन्तर्गतको ग्रीन हाइड्रोजन ल्याबका पदाधिकारीसँग छलफल भएको हो । छलफलमा अर्थमन्त्री शर्माले शुरुआतमा १०० मेगावाट क्षमताको हाइड्रोन प्लान्टको गृहकार्य अघि बढाउने गरी काम शुरु गर्न आग्रह गरे ।

विकसित देशहरु धमाधम हाइड्रोजन इन्धन उत्पादनमा केन्द्रित हुन थालेको प्रसङग निकाल्दै अर्थमन्त्री शर्माले तत्काल एक सय मेगाावाटको हाइड्रोजन प्लान्ट लगाउने विषयमा आवश्यक अध्ययन र प्राविधिक सहयोग जुटाउने कार्यमा संलग्न हुन विश्वविद्यालयका पदाधिकारीलाई आग्रह गरे ।

'हाइड्रोजन प्लान्ट लगाउने विषयमा अर्थ मन्त्रालयको तर्फबाट पनि केही तयारी गर्छौं । तपाईंहरु (केयुका पदाधिकारी) पनि तयारी गर्नुस् र हप्ता-दश दिनभित्र पुनः अर्को बैठक बसौं र एउटा निष्कर्षमा लैजाऔं', उनले भने । अर्थमन्त्री शर्माले लगानी बोर्डमार्फत लगानीकर्ताको खोजी गर्ने जानकारी गराएका थिए । रासायनिक मल कारखाना खोल्न विभिन्न देशका अन्तर्राष्ट्रिय कम्पनीले इच्छा देखाइरहेको जानकारी गराउँदै मन्त्री शर्माले हाइड्रोजन इन्धनबाट मल कारखाना सञ्चालन गर्ने विषयमा छलफल अघि बढाउने बताए ।

छलफलमा ग्रीन हाइड्रोजन ल्याबका प्रमुख विराजसिंह थापाले १०० मेगावाट क्षमताको ग्रीन हाइड्रोजन प्लान्ट डेढ वर्षमा तयार गर्ने गरी अन्तर्राष्ट्रिय कम्पनीले प्रस्ताव गरिरहेको जानकारी गराएका थिए ।

# 'अटो चलाएपछि भोकै बस्न परेन'

**वीरेन्द्रनगर / रासस-** वीरेन्द्रनगरकी सिर्जना गुरुङले साँझ बिहान पेटभर खान पाइएला भनेर सोचेकी थिइनन् । चौध वर्षकै उमेरमा विवाह बन्धनमा बाधिएकी उनको आर्थिक अवस्था नाजुक रहनाका साथै मजदुरी गरेर ल्याएको पैसाले साँझ बिहानको गुजारा चलाउन समस्या थियो । विगतमा सिर्जनाका दुई छोरा र दुई छोरी सानै भएकाले मजदुरी गर्न जान पनि नसकिने अवस्था थियो । त्यतिबेला कयौं रात भोकै बस्नुपरेको उनी सुनाउछिन् । 'काम गरेको पैसाले कहिले आधा किलो चामल र चाउचाउ किन्थे तर सबैलाई पेटभर खान पुग्थेन', विगत सुनाउँदै उनीं भन्छिन्, 'कहिलेकाहीं कोही छिमेकीले दिएको खाएर बस्थ्यौं ।' छोराछोरीलाई भोकै सुताउँनुपर्दा राति सिर्जनालाई निद्रा लाग्दैनथ्यो । श्रीमानको सहयोग नभएकाले चार छोराछोरीको पालनपोषण गर्ने जिम्मा उनको काँधमा थपिएको थियो ।

जीवनमा कहिले घाम त कहिले छाँया भनेझैं सिर्जनाको जीवनले पनि अर्को मोड लियो । त्यो हो 'अटो रिक्सा' उनले अटो चलाउन थालेपछि आर्थिक अवस्था सुधार हुँदै आएको छ । 'अहिले भोकै बस्नुपरेको छैन', सिर्जना भन्छिन्, 'अटो चलाएपछि पेटभर खान पाएका छौं', उनी दैनिक गुजारा गर्नाका साथै मनग्य आम्दानी गर्न सफल भइन् । अटो चलाएरै मासिक रु ३० हजार बढी आम्दानी हुने गरेको सिर्जना बताउछिन् । सरकारी विद्यालयमा पढाउँदै आएका छोराछोरीहरुलाई अहिले बोडिङ स्कुलमा पढाउने सोच उनी बनाउछिन् । विद्यालय नगएर बसेकी ठूली छोरी पनि अब विद्यालय जान पाउने भएकी छिन् ।

वीरेन्द्रनगर-१२ की कल्पना सिंहका श्रीमानले दोस्रो बिहे गरे । आफ्ना दुई छोरासहित भाडामा बसेकी कल्पनालाई श्रीमानले सहयोग नगरेपछि समस्यामा परिन् । छोराछोरीसहित उनलाई भने बिहान बेलुकाको छाक टार्नै हम्मेहम्मे थियो । एकदिन उनले नगरपालिकाले अटोरिक्सा चलाउने तालिम दिन लागेको छ भन्नेकुरा गाउँमा सुनिन् ।

वीरेन्द्रनगर नगरपालिकाले महिलालाई लक्ष गरी एक महिनासम्म अटो रिक्सा चलाउने तालिम दिने कार्यक्रम ल्याएको थियो । कल्पनाले पनि उक्त तालिम लिइन् र त्यसपछि नगरपालिकाबाट अटो किन्न रु दुई लाख पनि सहयोग पारिन् । रु दुई लाखमध्ये रु एक लाख अनुदान हो भने अर्को लाख एक वर्षमा तिर्ने ऋण । अटो चलाउनथालेपछि उनलाई श्रीमानको आश गर्नै परेन । अटो सिक्ने बेला कल्पनालाई समाजले के भन्ला भन्ने डर लागेको थियो तर अहिले अटो चलाएर मनग्य आम्दानी गर्न थालेपछि टोल-समाजले उल्टै हौसला दिन थालेका छन् ।

'समाजमा मैले अटो चलाउँदा अर्कै सोच्छकी भन्ने लागेको थियो', उनी भन्छिन्, 'तर सोचेजस्तो छैन, राम्रो गरेकी छौं, अझ मेहनत गर्दै जाउ भन्छन् ।' कल्पनालाई एउटा समस्या भनेको सवारी चालक अनुमतिपत्र नहुँदा समस्या भएको छ । उनी अहिले अनुमतिपत्र निकाल्ने प्रक्रियामा छिन् । 'ट्रायल कटाउन सक्दिनकी भनेर चिन्ता लाग्छ', उनी भन्छिन् । कल्पना मात्र होइन, अहिले सुर्खेतका यस्ता अटो रिक्सा चालक महिला धेरै छन् । प्रदेशको राजधानी रहेको वीरेन्द्रनगरमा उपत्यकाभित्रको सार्वजनिक यातायात भनेकै अटो रिक्सा हो । वीरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया ढकालका अनुसार महिला स्वरोजगार कार्यक्रममार्फत तालिम लिएका १५ जनाले अहिले अटो चलाउँदै आएका छन् ।

वीरेन्द्नगरको झुप्रा खोलामा गिट्टी कुट्ने र बालुवा चाल्दै आएकी २८ वर्षीया पवित्रा रावतले अहिले अटो चलाउँदै आएकी छिन् । पहिले मजदुरी गरेर कमाएको पैसाले घरखर्च चलाउन कठिन थियो । उनका श्रीमानले पनि मजदुरी काम गर्छन् । दुवैजनाले मजदुरी गरे पनि घरखर्च चलाएर छोराछोरी पढाउन समस्या परेको थियो तर अहिले अटो चलाउन थालेपछि मासिक रु ५० हजार देखि ६० हजारसम्म आम्दानी हुने गरेको छ । घरखर्च चलाउन सजिलो भएपछि उनका श्रीमान् पनि खुसी छन् । पहिला सामान्य घरायसी सामान किन्न पनि आँट नगर्ने पवित्रा अहिले जग्गा किन्ने सोचमा छिन् । 'आफू आत्मनिर्भर भएपछि मात्र आँट आउँदो रहेछ', उनी भन्छिन्, 'अब घरको ऋण सबै तिरिसकेपछि जग्गा किन्ने सोच बनाएकी छु ।' पवित्राले गाउँको सहकारी संस्थामा बचत पनि गर्न थालेकी छिन् । अटो चलाउँदा थरिथरिका व्यक्तिसँग कुराकानी गर्दै बाटो काट्नु पर्छ । 'कोही कति पीडामा हुन्छन् अनि कोही खुसीमा रमाएका भेटिन्छन्', उनी भन्छिन्, 'उनीहरुसँग कुरा गर्दा आफ्ना पीडा पनि बिर्सन्छु ।' कहिलेकाहीँ पीडित र समस्यामा परेका व्यक्ति भेटाएमा सहयोग पनि गर्ने गरेकी छु । वीरेन्द्रनगर-७ की मौसमी शाही पनि अटो रिक्सा चालक हुन् । साँझ बिहानको घरको कामबाहेक दिउँसोको समय सदुपयोग गर्न उनले अटो रिक्सा तालिम लिएकी थिइन् । सानोतिनो खर्च चाहिए पनि श्रीमानसँग हात थाप्नुपर्ने भएपछि आफैं आत्मनिर्भर बन्नुपर्छ भन्ने सोचले तालिम लिएको मौसमी बताउछिन् । उनका श्रीमान् नेपाल प्रहरीमा छन् । अटोको आम्दानीबाट मौसमीका परिवार सन्तुष्ट छन् । अटोबाट मासिक रु ४० हजारसम्म आम्दानी हुने गरेको उनी बताउछिन् ।

अटो चलाउन थालेपछि घरखर्च चलाउन सहज भएको मौसमी बताउछिन् । 'पहिला श्रीमानको कमाइले मात्र सम्पूर्ण घरखर्च चलाउन समस्या हुन्थ्यो', मौसमी भन्नुहुन्छ, 'अहिले दुवैजनाले कमाउन थालेपछि बचत पनि हुन थालेको छ ।' अटो चलाउन थालेपछि बढेको आम्दानीले उनले एक तले घरमा तला थप्न लागेकी छिन् । 'आफ्नो हातमा पैसा भएपछि आँट पनि आउँदो रहेछ', मौसमी भन्छिन् । 'मेरो कमाई देखेर श्रीमान् पनि खुशी छन् र उनलाई भार पनि कम परेको छ ।'

नगरपालिकाले विपन्न महिलालाई अटो रिक्सा तालिम दिएपछि यहाँका महिलाको अटोतर्फ आर्कषण बढेको हो । अटोबाट राम्रो आम्दानी भएको देखेपछि अहिले छिमेकी महिला पनि अटो चलाउन थालेको अटो चालक मौसमी शाही बताउछिन् । 'मैले अटो रिक्सा तालिम लिने बेलामा छोरी मान्छेले पनि अटो चलाउने भन्ने दिदीबहिनी नै अहिले अटो चलाएर आम्दानी गर्न पाए हुन्थ्यो भनेर सोध्छन्', उनी भन्छिन्, 'कतिपयले त अटो किनेर चलाउन शुरु पनि गरेकी छिन् ।

पुरुषको तुलनामा महिला चालकले ट्राफिक नियम पालना गर्ने भएकाले दुर्घटना पनि कम हुने गरेको पाइएको ट्राफिक प्रहरी यज्ञबहादुर वली बताउछन् । 'महिला चालकले तीव्र गतिमा चलाउँदैनन् र दुर्घटना हुने सम्भावना कम हुन्छ', उनी भन्छन्, 'प्राय महिला चालकले लापर्बाही गर्दैनन् ।' महिलाले संवेदनशील भएर अटो चलाउने गरेको ट्राफिक प्रहरी वलीको भनाइ छ । वीरेन्द्रनगर-१० की यशोदा सापकोटाले पनि कक्षा १२ को परीक्षा दिएपछि खाली समय सदुपयोग गर्न नगरपालिकाको सहयोगमा अटो रिक्सा चलाउने तालिम लिइन् ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०७९/०१/०४ को निर्णयानुसार यस गोल्डमार्क इन्टरनेशनल एजुकेशन प्रा.लि. कम्पनीको नाम परिवर्तन गरी उक्त कम्पनीको ऋण धन, दायित्व आदि परिवर्तित कम्पनी स्टडी मार्क इन्टरनेशनल एजुकेशन प्रा.लि.** (Study Mark International Education Pvt.Ltd.) **ले सकार्ने गरि नाम परिवर्तन गर्ने सम्बन्धमा स्वीकृति प्राप्त भएको हुँदा सोही व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**स्टडी मार्क इन्टरनेशनल एजुकेशन प्रा.लि.**
**(प्रा.लि.नं. २८४१६०/०७८/०७९)**
**का.जि.का.म.न.पा वडा नं २९**

## उकाली सा.ब.उ. समुहको काठ लिलाम बिक्री सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/३/८**

डडेल्धुराको गन्यापधुरा गाउँपालिका १ मा रहेको उकाली सा.व.उ.स.को वन क्षेत्रबाट आ.व. ०७८/०७९ मा उत्पादन भई सा.व.सको घाटगद्दीमा राखिएको A ग्रेडको ४४ थानको ७७७.७४ क्यू.फिट काठ ग्रेड B को ३७ को गोलिया थानको ४१३.५९ क्यूफिट काठको जम्मा ८१ थान गोलीयाको ११९१.३३ क्यूफिट सल्ला जातको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा विक्रीगर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरीद गरी २२ औं दिनमा शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।
यस सम्बन्धी विस्तृत जानकारीको लागी यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा अबगत गराईन्छ ।

**अध्यक्ष**

## VACANCY ANNOUCEMENT

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following position:-

**Deployment Manager**

Salary: Rs. 25,000/- to Rs. 30,000/-
Pref.: Bachelor's completed
Exp.: 3 Years Plus

**MOBHIRA RECRUITMENT CONSULTANCY SERVICES (P.) LTD.**
Budhanilkantha-06, Hatigauda, Kathmandu
Contact No.: 985-1146233/982-3486681

## त्रिभुवन विश्वविद्यालय
## सुदूर पश्चिमाञ्चल क्षेत्र
## क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय

**अत्तरिया, कैलाली**

## बोलपत्रको आशय पत्र सम्बन्धि सूचना

**सूचना प्रकाशित मितिः २०७९/०३/०८ गते**

यस त्रि.वि, सुदूरपश्चिमाञ्चल क्षेत्रीय परिक्षा नियन्त्रण कार्यालय, अत्तरिया, कैलालीको आ. व. २०७८/०७९ अन्तर्गत तपसिल बमोजिमको निर्माण कार्यका लागि मिति २०७९/०२/०३ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| ठेक्का न. | कामको विवरण | फर्म/ कम्पनी | कबोल रकम |
|---|---|---|---|
| 01/2078/079 | Construction of Office Building Using Prefab Material | श्री प्रेरणा कन्स्ट्रक्सन, अजयमेरु-२, डडेल्धुरा | ३२,५०,६९६.९०/- प्रोभिजनल र.मु.अ.क.बाहेक |

**त्रि.वि.सु.प.क्षे.प.नि.का,**
**अत्तरिया, कैलाली**

## कतारमा रोजगारको अवसर

**कम्पनी: HIMALAYA LIMOUSINE WLL**
**शहर: DOHA**

पुर्व स्वीकृत मितिः २०७८/०४/१९ | चलानी नं.: ६०१६१००९ | L.T. No.: 243248 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 19 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५१,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Foreman | 2 | 0 | | 2500 | ८५,२०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार १५ गते (29 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**AL NASEER OVERSEAS PVT. LTD.**
Gov. Lic No. 141/055/056
Pingalastha-9 Gaushala, Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 4489867, 4466772, 4466771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com

## मकालु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**नुम, संखुवासभा**
**प्रदेश नं १, नेपाल**


## मकालु गाउँपालिकाद्वारा जनहितमा जानकारी मूलक सन्देश

**१. गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**

औलो(मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

**यसबाट बच्ने उपाय :**

क) झुल लगाएर सुत्ने,
ख) पुरा शरीर ढाक्ने गरी लुगा लगाउने,
ग) शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
घ) घरको झ्याल तथा ढोकामा जाली राख्ने,
ङ) घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
च) ढल, नाला खुल्ला नराख्ने,
छ) पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
ज) सुंगुर, बंगुर, हाँस र घोडाजस्ता पशुपंक्षीहरु व्यवस्थित ढंगले पाल्ने,
झ) मानिस बस्ने घरभन्दा पशुपंक्षीको खोर टाढा राख्ने ।



**२) चट्याङ्को समयमा सतर्क रहौं ।**

**चट्याङबाट बच्ने उपाय :**

क) बिजुली चम्केको बेला सतर्क रहने,
ख) विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
ग) बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
घ) सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
ङ) खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
च) सकभर अग्लो स्थानमा नबस्ने,
छ) धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।



मध्यान्ह
www.madhyanhadaily.com
८ असार २०७९, बुधबार
22 June 2022, Wednesday

सम्पादकीय

## सामान्यकालको लक्षण

सरकारले संघ र प्रदेशसभा चुनावको तयारी अगाडि बढाएको छैन । पाँच वर्षे कार्यकाल आगामी मंसिरमा सकिने भएपनि सरकारले चुनावको मितिबारे कुनै निर्णय गरेको छैन । तर घोषणा हुनै बाँकी चुनावमा उम्मेद्वारी दिने घोषणाको भने लहर नै चलेको छ । मंगलबार चर्चित टेलिभिजन प्रस्तोता रवी लामिछानेले नयाँ दल नै घोषणा गरेर चुनावको तयारी गर्ने घोषणा गरेका छन् । राष्ट्रिय सभागृहबाट आफू नेतृत्वको राष्ट्रिय स्वतन्त्र दल घोषणा गरे । उनको घोषणासभामा समर्थकहरूको ठूलै उपस्थिति थियो । लामिछानेले आगामी चुनावमा कहाँबाट उम्मेद्वारी दिने भने केही खुलाएनन् । तर चितवन, झापा वा डडेलधुराबाटै उम्मेद्वारी दिने मन भएको बताए ।

चुनौती भएपनि मुलुकमा अहिले देखिएको समस्या हल गर्न पनि राजनीति सफा गर्न आवश्यक रहेको बताउँदै उनले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली वा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँगै प्रतिशपर्धाको आकांक्षा प्रस्तुत गरे । लामिछानेले प्रष्ट नभनेपनि काठमाडौंबाटै चुनाव लड्नसक्ने संकेत भने दिएका छन् । त्यसोत लामिछाने भन्दा अगाडि नै काठमाडौंबाट स्वतन्त्र उम्मेद्वारी दिने घोषणा भटाभट चलिरहेको छ । काठमाडौं–१ बाट पुकार बम, काठमाडौं–३ बाट हरिशरण लामिछाने, काठमाडौं–४ बाट आकर्षण पोखरेल, काठमाडौं–५ बाट रञ्जु दर्शना, काठमाडौं–६ बाट अब्दुश मियाँ र काठमाडौं–८ बाट सुमन सायमीले उम्मेदवारी दिने घोषणा गरेका छन् । यसरी स्वतन्त्र उम्मेद्वारी घोषणा गरिनु र स्वतन्त्र नाम राखेरै दल गठन हुनुको पछाडि भने स्थानीय चुनावको नतिजा मूख्य कारण हो ।

गएको ३० वैशाखमा सम्पन्न स्थानीय चुनावमा काठमाडौं महानगरपालिकाको मेयरमा स्वतन्त्र उम्मेद्वारी दिएका बालेन्द्र शाहले जिते । सत्ता गठबन्धन र एमालेका उम्मेद्वार शाहसँग पराजित भएपछि स्वतन्त्र उम्मेद्वारीतर्फ आकर्षण देखिन्छ । स्वतन्त्र उम्मेद्वारीको लहर र आकर्षणले मूख्य दलहरूलाई भने टाउको दुखाइको विषय बनेको छ । किनकि अहिलेसम्म स्वतन्त्र उम्मेद्वारी जनताबाट अनुमोदन हुन्न भन्ने बुझाइले काम गरेको थियो । तर ०७२ को संविधानको प्रावधान बमोजिम दोस्रोपटक भएको स्थानीय चुनावको नतिजा र आगामी चुनावको परिदृष्यले मुलुक लोकतान्त्रिक अभ्यासको सामान्य कालतर्फ रहेको समेत भन्न सकिन्छ । यसलाई नौलो र चुनौतीका रूपमा लिनु भन्दा पनि लोकतान्त्रिक प्रक्रिया सामान्यकालतर्फ अगाडि बढेकाले जनप्रतिनिधि बन्न चाहनेहरूमा दायित्वबोध हुन भने जरूरी छ ।

# भूराजनीतिक द्वन्द्वको चपेटामा नेपाल

*नेपालको रणनीतिक भू-अवस्थिति जुन ठाउँमा छ, त्यसले यहाँ हुने गतिविधिहरु केवल हाम्रो मात्रै चासोमा रहँदैनन् भन्ने स्पष्ट पार्छ । यहाँ हुने गतिविधिप्रति हाम्रो जतिकै छिमेकीको पनि चासो रहेको पाइन्छ । यहाँका गतिविधिलाई छिमेकीले सुरक्षासँग जोडेर हेरेको देखिन्छ । जसलाई हामीले नजरअन्दाज गर्न मिल्दैन ।*

अग्रलेख




● लोकनारायण सुबेदी

